## तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

# २१औं वार्षिक साधारण सभाको निर्णय तथा कार्यवाही विवरण (माईन्यूट)

आ.व. २०७३/०७४

FY 2016/17

# तारागाउँ रिजेन्सी होटल्स लिमिटेड

## बौद्ध, काठमाण्डौंको

## २१औं वार्षिक साधारणसभाको निर्णय तथा कार्यवाही विवरण

**१) २१औं वार्षिक साधारण सभा :**

श्री तारागाउँ रिजेन्सी होटल्स लिमिटेडको मिति २०७४।१२।१२ मा त्रिभुवन आर्मि अफिसर्स क्लब काठमाण्डौंमा सञ्चालक समितिका प्रबन्ध सञ्चालक श्री अरुण कुमार सराफज्यूको सभापतित्वमा दिनको ११:०० बजे बसेको २१औं वार्षिक साधारण सभामा भएका छलफल तथा निर्णयहरु देहाय बमोजिम रहेका छन् ।

**२) उपस्थिति :**

**(अ) सञ्चालकहरुको उपस्थिति**

| | |
|---|---|
| श्री अरुण कुमार सराफ | प्रवन्ध सञ्चालक |
| श्री सुरेश लाल श्रेष्ठ | कार्यकारी सञ्चालक |
| श्रीमती कमला देवी श्रेष्ठ | सञ्चालक (सर्वसाधारण) |
| श्री इन्द्र प्रसाद राजभण्डारी | स्वतन्त्र सञ्चालक |
| श्रीमती दिजा श्रेष्ठ | सञ्चालक |
| श्री राजेश लाल श्रेष्ठ | सञ्चालक |
| श्री उमेश सराफ | सञ्चालक |

**(आ) व्यवस्थापन समूह :**

| | |
|---|---|
| श्रीमती रानी वंग | प्रमुख वित्त अधिकृत |
| श्री विकास अग्रवाल | कम्पनी सचिव |
| श्री बिनोद कुमार दास | वित्त अधिकृत |
| श्री रबिन्द्र कंडेल | शेयर म्यानेजर |
| श्री गोविन्द राम परियार | जन सम्पर्क निर्देशक |
| श्री गोविन्द गडतौला | लेखा अधिकृत |

**(इ) पर्यवेक्षक तथा प्रतिनिधिको उपस्थिति :**

| | |
|---|---|
| श्री मनोज प्रसाद राजभण्डारी | आइसिटिसी प्रा. लि. |
| श्री रत्न अवाले | याक एण्ड यति होटल लि. |
| श्री उमेश सराफ | डोमिनियन इन्भेस्टमेन्ट्स लि. हङकङ |
| श्री मनोज प्रसाद राजभण्डारी | आइसिटिसी होल्डिङ्ग प्रा लि |
| श्री अरुण कुमार सराफ | डोमिनियन इन्भेस्टमेन्ट्स लि. ब्रिटिश भर्जिन आइलेंड |
| श्री दिपक श्रेष्ठ | नेपाल इन्भेस्टमेन्ट बैंक लि. |
| श्री केशवराज पौडेल | ऐभरेष्ट बैंक लि. |
| श्री बिजय कुमार अग्रवाल | लेखापरीक्षक |
| श्री अरुण सराफ | ह्यात इन्टरनेसनल कर्पोरेशन |

**(ई) शेयरधनीहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १) | उपस्थिति शेयरधनीहरुको संख्या | ३०८ जना |
| २) | शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | ६९.७३% |

**(उ) यस सभाको मिति २०७४।११।१८ सम्ममा सहभागी हुन पाउने शेयरधनीहरुको कुल संख्या ३४,१०८ मध्ये उपस्थिति शेयरधनीहरु सबैजना सभामा सहभागी हुन योग्य थिए ।**

## ३) छलफलका विषयहरुको सूची :

**(क) सामान्य प्रस्ताव :**

१) आ.व. २०७३।०७४ को सञ्चालक समितीको प्रतिवेदन पारित गर्ने ।

२) लेखापरिक्षकको प्रतिवेदन सहित आ.व. २०७३।०७४ को लेखापरिक्षण गरिएको वासलात, नाफा-नोक्सान हिसाव किताब खाता तथा नगद प्रवाह विवरणहरु स्वीकृत गर्ने ।

३) आ.व. २०७४।०७५ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । लेखापरिक्षण समितीको सिफारिश अनुसार कम्पनी ऐन २०६३ को दफा १११(३) बमोजिम हालको लेखापरिक्षक बि.के. अग्रवाल एण्ड कम्पनीका श्री बि.के. अग्रवाल पून: नियूक्त हुन

नसक्ने भएकोले, सुन्दर एण्ड कम्पनीका श्री सुन्दरमान श्रेष्ठज्यूलाई लेखापरिक्षक नियुक्त गर्नु पर्ने ।

४) मिति २०७४।०९।०२ को सञ्चालक समितिको बैठकको सिफारिस अनुसार कम्पनीका साधारण शेयरधनीहरुलाई ७.३६८ प्रतिशत (कर समेत) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

५) मिति २०७४।०२।२९ को सञ्चालक समितिको बैठकको निर्णय तथा सिफारिस बमोजिम प्रबन्ध सञ्चालक तथा कार्यकारी सञ्चालकलाई आगामी ४ वर्षको लागि पून: नियुक्त गरि निजहरुको सेवा, शर्त, पारिश्रमिक, सुविधा सम्बन्धी सम्झौता स्वीकृत एंव पारित गर्ने ।

६) सञ्चालकहरुको बैठक भत्ता वापत रु.५,८८२।- (पाँच हजार आठ सय बयासी मात्र) लाई वृद्धि गरी रु.११,७६४।- (एघार हजार सात सय चौसठ्ठी मात्र) गर्ने ।

**(ख) विविध**

## ४) सभाको सूचना प्रकाशन :

(क) साधारण सभा हुने मिति, समय, स्थान, वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरू खुलाई मिति २०७४ फाल्गुण १८ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिका र मिति २०७४ फाल्गुण २० गते अन्नपूर्ण पोष्ट दैनिक पत्रिका गरी जम्मा २ पटक सूचना प्रकाशित गरी शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

(ख) सञ्चालक समितिको संक्षिप्त प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव सहितको संक्षिप्त वार्षिक प्रतिवेदनको पुस्तिका शेयरधनी महानुभावहरुलाई हुलाक/कुरियर/इमेल मार्फत पठाईएको थियो ।

## ५) गणपुरक संख्या :

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि | जम्मा | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| कम्पनीको शेयर संख्या | १,८८,६६,५४० | ५,२५,६८६ | १,२६,३०,९९४ | १,३१,५६,६८० | ६९.७३% |

## ६) सभाको वैधानिकता तथा सभापतित्व :

(क) साधारण सभा शुरू हुनुभन्दा अघि सभा सञ्चालकले उपस्थित शेयरधनी महानुभावहरूलाई कम्पनीको तर्फबाट स्वागत गर्नुका साथै कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम कम्पनीको २१औं वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई गराउनु भयो । तत्पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३(२) अनुसार गणपुरक संख्या पुगेकोले सभाको कारवाही अगाडी बढाइयो ।

(ख) कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्ष श्री राधेश्याम सराफज्यूले गर्नु पर्नेमा, वहाँ अस्वस्थ्य भएको कारण उपस्थित हुन नसकेकोले सञ्चालकहरुले आफू मध्येवाट श्री अरुण कुमार सराफज्युलाई सभा अध्यक्ष नियुक्त गरिएको हो ।

## ७) सभा संचालन तथा प्रतिवेदन प्रस्तुती :

सभा संचालकज्यूले सर्वप्रथम सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै सभाको कार्यवाहीलाई अगाडि बढाउने क्रममा सञ्चालक समितिको तर्फबाट कम्पनीको आर्थिक बर्ष २०७३/०७४ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन संक्षिप्त रुपमा सभामा पढेर सुनाउनु भयो । तत्पश्चात् सभा सञ्चालकज्यूले सभा समक्ष सञ्चालक समितिको प्रतिवेदन सहितको कम्पनीको आ.व.२०७३।०७४ को लेखापरिक्षकको प्रतिवेदन, वासलात, नाफा नोक्सान, हिसाव किताव तथा नगद प्रवाह विवरण उपर छलफलका लागि भाग लिन तथा यस कम्पनीको कारोवार सम्बन्धी विविध पक्षहरुमा आफ्नो विचार मन्तव्य, जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नका लागि शेयरधनीहरुलाई सामूहिक रुपमा अनुरोध गर्नु भयो ।

## ८) छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरू :

छलफलका क्रममा देहायका शेयरधनी महानुभावहरुले यस कम्पनीको काम कारवाही, वार्षिक हरहिसाब तथा वार्षिक प्रतिवेदनवाट उठेका विभिन्न विषयहरुको सम्बन्धमा आफ्नो राय तथा जिज्ञासाहरु व्यक्त गर्नु भयो ।

- श्री डा.माधव कुमार श्रेष्ठज्यू
- श्री व्यास कुमार शर्माज्यू

- श्री शिव पौडेलज्यू
- श्री इन्द्र कृष्ण श्रेष्ठज्यू
- श्री नरसिँह लाल चंखुज्यू
- श्री अशोक उप्रेतीज्यू
- श्री दिनेश हुमागाँईज्यू
- श्री राम गोपाल महर्जन
- श्री गुण राज भट्ट
- श्री कुबेर श्रेष्ठज्यू
- श्री राजेश शाक्यज्यू

**(क) शेयरधनीहरुको जिज्ञासा, प्रश्न, मन्तव्य तथा सुझाव**

- लामो समय देखि संचित नोक्सानीले चल्दै गएको यस होटलको यस समिक्षा अवधिमा शेयरधनीहरुलाई ७.३६८ प्रतिशत नगद लाभांश वितरण गरेकोमा धन्यवाद दिन चाहन्छु। बैंक ऋण शून्य भएकोले अर्को वर्ष बढी प्रतिफल पाउन सक्छौं। पुरुस्कारहरु पाएकोमा शुभकामना। आगामी वर्षहरूमा हामी सबको भविष्य उज्जवल देखिन्छ।
- गत वर्ष र यस वर्षको तुलना गर्दा गत वर्ष भन्दा यस वर्ष हरेक कुरामा प्रगति भएको देखिन्छ। गत वर्ष भन्दा यस वर्ष प्रति शेयर आम्दनी, Occupancy र ARR मा वृद्धि भई संचालन नाफा र खुद मुनाफा दोब्बर भएको हामी शेयरधनीहरुको पक्षमा रहेकोले धन्यवाद दिन चाहन्छु।
- कम्पनीको जग्गालाई पूर्णतः उपयोग गरि कम्पनीको आम्दनी वृद्धि गर्नु पर्छ। वजारमा कम्पनीको राम्रो मूल्यांकन भै रहेको छ भने Room Availability हाम्रो लागि Challenge हो। आउन लागेका पाँच तारे होटलहरुले आगामी वर्षमा हुने Competition को लागि तयार भई वस्नु पर्छ। यस होटललाई १००० कोठाको बनाउन तथा ७ वटै प्रदेशमा बनाउन लक्ष्य राख्नु पर्छ। Renovation को लागि अनुमानित लागत वार्षिक प्रतिवेदनमा खुलाउनु पर्छ।

**(ख) कार्यकारी संचालकज्यूले दिनुभएको प्रत्युत्तरको मुख्य मुख्य अंशहरु ।**

- ➢ शेयरधनी महानुभावहरुलाई यस सभामा उपस्थित भई आफ्नो मन्तव्य, जिज्ञासा राखि दिएकोमा धन्यवाद दिन चाहन्छु ।
- ➢ विगत ४-५ वर्षहरुमा Occupancy र Rate को हिसावले हामी १ नं. होटलको रुपमा सफल भएका छौं । आगामी वर्षहरुमा ७-८ वटा नयाँ पाँच तारे होटल आई रहेकोमा Competition को लागि तयार भएर बस्न जरुरी देखिन्छ ।
- ➢ नगद लाभांश दिन पाएकोमा हामीलाई धेरै खुशी लागेको छ र यहाँहरुको अपेक्षा अनुसार अगामी वर्षमा बढी लाभांश वितरण गर्न सक्नेछौं भन्ने हामीलाई पूर्ण विश्वास छ ।
- ➢ Renovation अन्तर्गत होटलको Standard का साथै Physical Infrastructure लाई समेत upgrade गर्नु पर्ने हामीले महसुस गरेका छौं । हामीले Banquet Hall को पूर्ण रुपले upgrade गरी सकेका छौं । Banquet Hall को entire area upgrade मा लगभग ६ करोड रुपियाँ खर्च भएको छ । Lobby, Restaurant र Room को upgradation को लागि तयारी हुदैछ । Room Renovation को अनुमानित खर्च सन्दर्भमा अहिले Designing काम भै राखेको हुनाले लागत खर्च सन्दर्भमा अहिलेनै भन्न सकिदैन । १-२ महिनामा design तयार भए पछि लागतको अनुमान गर्न सकिन्छ ।
- ➢ Hyatt Regency बाट Grand Hyatt मा upgradation सम्बन्धमा Hyatt International सँग कुरा भइरहेको छ ।
- ➢ जग्गाको पूर्ण रुपले फाइदा लिनको लागि ३०० कोठाको होटललाई १००० कोठामा लैजान हामी सहमत छौं र १० वर्षको दौरानमा १००० कोठाको होटल बनाउने तर्फ हामी गहिरो रुपले सोच्दै छौं ।

**८) छलफलको क्रम समाप्ती :**

शेयरधनी महानुभावहरुले राख्नु भएको जिज्ञासा एवं सुझावहरूको सम्बन्धमा सभाका अध्यक्षज्यू तथा उहाँको अनुमतिबाट श्री सुरेश लाल श्रेष्ठ (कार्यकारी

सञ्चालक) ले जवाफ दिनु भएपछि सभा सञ्चालकले छलफलको क्रम समाप्त भएको जानकारी सभामा गराउनु भयो ।

## १०) छलफल तथा निणयहरू :

**प्रस्ताव नं. १ :**

अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७३।०७४ को वार्षिक प्रतिवेदन सभाबाट सर्वसम्मतबाट पारित भयो ।

**प्रस्ताव नं. २ :**

लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व. २०७३।०७४ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने प्रस्ताव सभामा प्रस्तुत भए पछि उपस्थित शेयरधनी महानुभावहरुले उक्त प्रस्ताव सर्वसम्मतबाट पारित गर्नु भयो ।

**प्रस्ताव नं. ३ :**

आ.व. २०७४।०७५ को लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव उपर लेखापरिक्षण समितिको प्रस्ताव अनुसार हालका लेखापरिक्षक बि.के. अग्रवाल एण्ड कम्पनीका श्री बि.के. अग्रवाल पून: नियुक्त हुन नसक्ने भएकोले, सुन्दर एण्ड कम्पनीका श्री सुन्दरमान श्रेष्ठज्यूलाई रु.२,००,०००।- पारिश्रमिक दिने गरी आ.व.२०७४।०७५ को लागि लेखापरिक्षकमा नियुक्त गर्न निर्णय भयो ।

**प्रस्ताव नं. ४ :**

नगद लाभांश वितरण गर्ने प्रस्ताव सम्बन्धमा इक्विटी शेयरधनीहरुलाई ७.३६८ प्रतिशत नगद लाभांश (कर समेत) वितरण गर्न सर्वसम्मतिबाट पारित भयो ।

**प्रस्ताव नं. ५ :**

सञ्चालक समितिको बैठकको निर्णयानुसार प्रबन्ध सञ्चालक तथा कार्यकारी सञ्चालकलाई आगामी ४ वर्षको लागि पून: नियुक्ती तथा निजहरुको सेवा, शर्त, पारिश्रमिक, सुविधा सम्बन्धि सम्झौता स्वीकृत एंव पारित गरियो ।

**प्रस्ताव नं. ६ :**

सञ्चालकहरुको बैठक भत्ता वृद्धि सम्बन्धि प्रस्तावलाई पारित गरियो ।